भोटेकोशी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
फुल्पिङकट्टी, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

## ढुङगा, गीट्टी, बालुवा, पत्रे ढुङगा तथा जडीबुटी संकलन सम्बन्धी शीलबन्दी दरभाउपत्र आव्हान सुचना

**प्रथम पटक प्रकाशित मिति: २०७८/०५/१७**

स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ११ तथा भोटेकोशी गाउँपालिकाको आर्थिक ऐन २०७८ मा भएको व्यवस्था अनुसार भोटेकोशी गाउँपालिकाको आ.व. २०७८/०७९ को ठेक्का वन्दोवस्त भएको मिति देखि २०७९ जेठ मसान्त सम्म आन्तरिक आय संकलन गर्नुपर्ने भएकोले बागमती प्रदेश सरकारको आर्थिक ऐन, २०७८ मा तोकिएको दररेट बमोजिम राजश्व संकलनको ठेक्का वडावढ लिन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपशिल:**

| क्र. स. | आय ठेक्का नं. | ठेक्काको विवरण दररेट | दररेट | न्युनतम ठेक्का अंक | बोलपत्र फारम दस्तुर | धरौटी रकम र खाता नं.०९२००० ०८४१ | शीलबन्दी दरभाउ पत्र खरिद तथा दाखिला गर्ने अन्तिम मिति |
|---|---|---|---|---|---|---|---|
| १ | ०१/०७८ /०७९ | यस गा.पा. भित्र उत्खनन (भोटेकोशी नदि बाहेक) भई बिक्रि निकासी हुने गिट्टी तथा बालुवामा लाग्ने शुल्क कर संकलन गर्ने | आ.व. ०७८/०७९ संकलनको प्रती घ.फिट रु ९(नौ) तर गा.पा. भित्र खपत हुने भुकम्प पिडितको हकमा निशुल्क हुनेछ। | रु ५,५९,३५०। (पाँच लाख उन्नसाठ्ठी हजार तीन सय पचास ) मु.अ. कर सहित | रु १००० । (एक हजार ) | रु २८,०००। (अठ्ठाइस हजार) | मिति २०७८/०५/३१ गते कार्यालय समय भित्र खरीद गर्ने तथा मिति २०७८/०६/०१ गते १२:०० बजे सम्म दाखिला गरि सक्नु पर्ने छ । उक्त शीलबन्दी दरभाउ २०७८/०६/०१ गते २:०० बजे खोलिनेछ । |
| २ | ०२/०७८ /०७९ | पत्रे ढुङगा स्वीकृत ( स्वीकृत खानी क्षेत्र बाहेक) | प्रति वर्ग फिट रु ९ ( नौ) | रु १,५२,५५०। (एक लाख बाउन्न हजार पाँच सय पचास ) मु.अ. कर सहित | रु १००० । (एक हजार ) | रु ७,८००। सात हजार आठ सय) | |
| ३ | ०३/०७८ /०७९ | जडीबुट्टी संकलन तथा निकासी ( नेपाल सरकारबाट प्रतिबन्दित जडीबुट्टी बाहेक) | प्रति के.जि. रु ५ ( पाँच) | रु १,१३,०००। -एक लाख तेह्र हजार ) मु.अ. कर सहित | रु १००० । (एक हजार ) | रु ५,६५०। पाँच हजार छ सय पचास) | |

ठेक्का सम्बन्धी शर्तहरु:

- बोलपत्र दस्तुर यस गा.पा. कार्यालयको नेपाल बङगलादेश लि. तातोपानी शाखामा हुने खाता नं. ०९२०००१३४१ मा जम्मा गर्नुपर्नेछ।
- शीलबन्दी दरभाउपत्र फारम साथ जमानत वापतको रकम (कबोल अङकको ५ प्रतिशतले हून आउने रकम) यस गा.पा. कार्यालयको नेपाल बङगलादेश लि. तातोपानी शाखामा रहेको धरौटी खाता नं. ०९२००००८४१ मा रकम जम्मा गरेको सक्कल बैङक भौचर वा नगद रकम शीलबन्दी दरभाउ पत्र साथ पेश गर्नुपर्ने छ। साथै शीलबन्दी दरभाउ पत्र स्वीकृत भएको निर्धारित समय भित्र सम्झौत गर्न नआएमा धरौटी रकम जफत गरिनेछ।
- ठेक्का वडावढ गर्न भ्याट, पान दर्ता, ०७६/०७७ को कर चुक्ता, इजाजत पत्र तथा नवीकरण निवेदन साथ पेश गरि खरिद गर्न सकिन्छ।
- अन्य जानकारी यस पालिकाको Website तथा दरभाउपत्र कागजातमा उल्लेख गरिएको छ।

- ठेक्का लिन इच्छुक व्यक्ति, फर्म वा कम्पनीले माथि उल्लेखित न्युनतम अंकमा नघट्ने गरी यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) औं दिनको कार्यालय समय भित्र आ.व. २०७६/०७७ सम्मको कर चुक्ता भएको प्रमाण पत्रको प्रतिलिपि सहित रितपुर्वक निवेदन दिई शीलबन्दी दरभाउपत्र फारम (रकम फिर्ता नहुने गरि) यस कार्यालयबाट खरिद गर्न सकिनेछ ।
- खरिद गरिएका दरभाउपत्र फारमहरुको महलहरु स्पष्ट रुपमा अंक र अक्षरमा भरी प्रत्येक पानामा सहीछाप गरि सुचना प्रथम पटक प्रकाशित भएको मितिले १६ औं दिनको १२:०० बजे भित्र यस कार्यालयको योजना शाखामा शीलबन्दी दरभाउ पत्र दर्ता गराउनु पर्ने छ । दर्ता भएका दरभाउ पत्रहरु सोही दिन दिनको २:०० बजे उपस्थित दरभाउपत्रदाता वा निजको प्रतिनिधिहरु र कार्यालयका प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ । दरभाउपत्र दाताहरु वा निजका प्रतिनिधिहरु उपस्थित नभएमा पनि दरभाउ पत्र खोल्ने बाधा पर्ने छैन । अङक र अक्षरमा फरक परेमा अक्षरमा उल्लेख भएका रकमलाई मान्यता दिईनेछ साथै फारम खरिद गर्ने वा दाखिला गर्ने अन्तिम दिन सावजनिक विदा परेमा उक्त कार्यहरु विदा पछिको कायर्मलय खुलेको दिन सोही समयमा हुनेछ ।
- यस कार्यालयको हितलाई ध्यानमा राखी प्राप्त भएको शीलबन्दी दरभाउ पत्र स्वीकृत गर्ने, नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा रद्द गर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । रीत नपुगेका र म्याद नाघि आएका शीलबन्दी दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन ।
- शीलबन्दी दरभाउपत्र स्वीकृत भएपछि कबोल ठेक्का अंकको ३० प्रतिशतले हून आउने रकम यस कार्यालयमा जम्मा गरेको सक्कल बैङक भौचर र ठेक्का अंकको बुझाउन बाँकी ७० प्रतिशतले हुन आउने रकमको ठेक्का सम्झौता मितिले बढिमा ३ महिना भित्र गाउँकार्यपालिकाको कार्यालयमा बुझाउनु पर्नेछ । धरौटी वापत जम्मा गरेको रकमलाई किस्तामा समावेश गर्न पाइने छैन र उक्त बैङक जमानत तथा नगद धरौटी नियमानुसार कागजात पेश गरिसकेपछि प्रचलित ऐन कानुन बमोजिम फिर्ता गरिनेछ ।
- नियमानुसार नेपाल सरकारलाई बुझाउनु पर्ने रकम मु.अ. कर, अग्रिम कर, आय कर लगायतका सम्पुर्ण करहरु ठेकदार स्वयमले आफ्नो तर्फबाट बुझाउनु पर्नेछ । तसर्थ यस ठेक्का अंकमा त्यस्ता कुनै पनि कर रकमहरु समावेश गरिएको छैन ।
- प्रचलित ऐन कानुन बमोजिम कबोल गरेको रकम एकमुष्ठ अग्रिम रुपमा बुझाएमा ५ प्रतिशत रकम सम्म छुट दिन सकिनेछ तर नियमानुसार लाग्ने मु.अ. कर प्रयोजनको लागि भने छुट दिइने छैन ।
- ठेक्का अवधि भोटेकोशी गा.पा. सँग ठेक्का सम्झौता भएको मिति देखि २०७९ साल जेठ मसान्त सम्म रहनेछ ।
- शीलबन्दी दरभाउपत्र सम्बन्धी कुनै कुरा बुझ्नु परेमा कार्यालय समयभित्र यस कार्यालयमा सम्पर्क राखन सकिनेछ ।
- यस सुचनामा उल्लेख भएका शर्तहरुको अतिरिक्त शीलबन्दी दरभाउपत्र फारमसाथ संलग्न गरिएको आय ठेक्का सम्बन्धी अन्य शर्तहरुका प्रत्येक बुँदाहरु यसै सुचनाका शर्त सरह लागु हुनेछन ।

२०७८।५।१६

प्रमुख प्रशासकीय अधिकृत

भद्र बहादुर अधिकारी

प्रमुख प्रशासकीय अधिकृत